आ.व. ०७८।०७९

वैठकः- नगर कार्यपालिका वैठक

अध्यक्षताः- नगर प्रमुख अशोक कुमार शाही

वैठक नं. ०१।०७८।०७९

मितिः-२०७८।०४।०७ गते

स्थानः- ता.न.पा सभाहल

समयः- विहान ८.०० बजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख श्री अशोक कुमार शाही ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | — |
| श्री वरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | — |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | |
| श्री राम वहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | |
| श्री मुक्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य | |
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य | |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य | |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य | |
| श्री भीम बहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य | |
| श्री पिताम्बर पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा | सचिव | |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| श्री गणेश बहादुर थापा | का.वा. वडा अध्यक्ष | ता.न.पा ४ | |
| श्री शिव थापा | का.वा. ,, | ता.न.पा. - १ | |
| श्री महेन्द्र [illegible] | ,, ,, | ,, - २ | |

Scanned with CamScanner

**निर्णय नं. १**

तानसेन नगरपालिकाको नवौं नगरसभाको बारेमा समीक्षा गरियो, सामान्य कमी कमजोरीका वावजुद समग्रमा सभा भव्य एवं व्यस्थितरुपमा सम्पन्न भएको, विशेष गरी सभाबाट तानसेन खानेपानीको सु-सञ्चालनको सम्बन्धमा नागरिक परामर्श समिति गठन गरिनु, कोभिड-१९ को महामारीमा आइसोलेशन केन्द्रमा विरामीको उपचारमा अहोरात्र खट्ने स्वास्थ्य कर्मचारीहरुलाई सम्मान, आइसोलेशन केन्द्र निर्माणमा भवन उपलब्ध गराउने त्रिभुवन बहुमुखी क्यापस र पाल्पा बाहिर रहेर पनि पाल्पाको पर्यटन प्रवर्द्धन, विकास र समृद्धिको अभियानमा सक्रिय भूमिका निर्वाह गर्ने पाल्याली समाज पोखरालाई कदर गरिनु प्रमुख कार्यहरु रहेको र नवौ नगरसभाबाट पारित नीति, वजेट तथा कार्यक्रमको कार्यान्वयनबाट नगरवासीको जीवनस्तर उच्च वनाउन सहयोग पुग्ने अपेक्षा गरियो ।

**निर्णय नं. २**

तानसेन नगरपालिका क्षेत्र भित्रका भवन तथा संरचनाको सम्पन्नता तर्फ निम्नानुसार गर्ने निर्णय गरियो ।

१. २०७२ सालको भूकम्प जानुभन्दा पहिला मापदण्ड वमोजिम निर्माण भएका घर तथा संरचनाहरुको निर्माण सम्पन्न दिन विभिन्न कारणले रोकीएका तथा मापदण्ड विपरित वनेका घरहरुको कारण सहितको लगत तयार गरी तत्काल पेश गर्न लगाउने ।

२. २०७२ सालको भूकम्प पश्चात यस नगरपालिकामा नक्सा पेश गरी अस्थायी तथा स्थायी स्वीकृतिका लागि राजश्व बुझाई दर्ता गरिएका घर नक्सा फाइलहरुको सम्वन्धमा पेश गरिएको मापदण्ड बमोजिम रहेको अवस्थामा मात्र सम्पन्नता प्रमाण-पत्र उपलब्ध गराउने । मापदण्ड अनुरुप नभएका घर तथा संरचनाहरुको लगत तयार गरी कारण सहित पेश गर्न लगाउने । साथै हाल तानसेन नगरपालिका भित्र तिव्र रुपमा घर तथा संरचनाहरु निर्माण भएकोमा विना ईजाजत निर्माण तथा तला थप गर्ने गरेको जनगुनासो वढेकोले वडा समितिको रोहवरमा नक्शा शाखा तथा नगर प्रहरीको संयुक्त टोलीवाट अनुगमन गर्ने र प्राप्त प्रतिवेदनका आधारमा कार्वाही प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

तानसेन नगरपालिकाको आर्थिक वर्ष २०७७।०७८ मा संचालन भएका योजना तथा कार्यक्रमहरुको वार्षिक प्रगति समिक्षा यहि मिति २०७८ श्रावण १६ गते दिनको ११ वजे संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

तानसेन नगरपालिकामा विगत वर्ष देखि यस तानसेन नगर कार्यपालिकाको कार्यालयमा दैनिक ज्यालादारीमा कामकाज गर्दै आएका देहायका कर्मचारीहरुलाई करार सेवामा लिई कामकाजमा लगाउने निर्णय गरियो ।

क श्री जीवन .वि.क. डोजर सहयोगी (श्रेणी विहिन)

ख श्री ज्ञानधर पुन मगर माली (श्रेणी विहिन)

नगर प्रमुख

शिवाकर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं. ५

तानसेन नगरपालिका राजश्व परामर्श समितिको मिति २०७८।०४।०४ गते बसेको बैठकको निर्णयबाट सिफारिस भए बमोजिम निम्न विषयहरु देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) ता.न.पा. वडा नं. १४ मा पर्ने रिडीघाट व्यवस्थापनको सन्दर्भमा वडा नं. १४ का वडाध्यक्ष पदेन संयोजक, वडा समितिका सदस्यहरु मध्येबाट १ जना सदस्य, ऋषिकेशव मन्दिर व्यवस्थापन समितिका प्रतिनिधि १ जना, तानसेन नगरपालिकाले मनोनयन गरेको बुद्धिजिवी समाजसेवीहरु मध्यवाट २ जनाको रिडि घाट संचालन तथा व्यवस्थापन गर्न रिडिघाट विकास समिति गठन गरी चौमासिक रुपमा नगरपालिकामा प्रतिवेदन बुझाउने र आम्दानी र खर्च पछि बचेको रकम मन्दिर व्यवस्थापन कोषमा जम्मा गर्नेगरी नगरपालिकाले तोकेको दररेटमा शुल्क संकलन गर्न र अन्य व्यवस्थापन गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

ख) तानसेन नगरपालिकाको आन्तरिक आम्दानी हुने विषयमा आ.व. २०७८/०७९को लागि तपसिल बमोजिम न्युनतम अंङ्क कायम गरी ठेक्का बन्दोबस्त अगाडी बढाउने निर्णय गरियो ।

१. श्रीनगर पार्क संचालन तथा व्यवस्थापन रु. २०,००,०००। (अक्षरुपी विस लाख मात्र)
२. रानीमहल दरबार प्रवेश शुल्क संकलन रु. ७,१०,०००। (अक्षरुपी सात लाख दश हजार मात्र)
३. नगरक्षेत्रबाट निकासी हुने माटो निकासी तथा व्यवस्थापन रु. १०,००,०००। (अक्षरुपी दश लाख मात्र)
४. जडिबुटी कवाडी कर संकलन रु. १०,००,०००। (अक्षरुपी दश लाख मात्र)
५. विज्ञापन कर संकलन रु. ३,७०,०००। (अक्षरुपी तीन लाख सत्तरी हजार मात्र)

ग) तानसेन नगरपालिकाको स्वामित्वमा रहेका ता.न.पा ६ का निम्न बमोजिम सटर भवनहरु आगामी ५ बर्ष सम्मका लागि भाडामा लगाउन देहाय बमोजिम न्यूनतम् मासिक भाडा अंङ्क कायम गरी ठेक्का बन्दोवस्त गर्ने निर्णय गरियो ।

१. बस पार्कमा रहेको पुरानो भवनको सटर नं. १ को मासिक रु. १३७५०। (अक्षरुपी तेह्र हजार सात सय पचास रुपैया मात्र)
२. बसपार्कमा रहेको नया भवन पुरैको मासिक रु. २९७००। (अक्षरुपी उनान्तीस हजार सात सय मात्र)
३. ता.न.पा. वडा नं. ६ को वडा कार्यालय रहेको भवनको सटर नं. १, २, ३ को प्रति सटर मासिक रु. ४०००। (अक्षरुपी चार हजार मात्र)

घ) तानसेन नगरपालिका क्षेत्र भित्र तोकीएको स्थानमा पार्किङ्ग शुल्क संकलन सम्वन्धमा आ.व.०७७।०७८ मा सम्झौता भई संकलन गर्ने फर्मलाई गत आ.व.को मूल्यमा नघट्नेगरी एकपटकको लीगि मात्र आपसी वार्ताद्धारा सम्झौता प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं. ६

तानसेन नगरपालिका वडा नं. ७ कुन्सरे स्थित औधोगिकग्राम निर्माण तथा हरित बसपार्क निर्माणको DPR अन्तिम चरणमा पुगेकोमा covid-19 को दोस्रो लहरको कारणले सम्पन्न हुन् नसकेकोले २०७८ श्रावण मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

शिवशंकर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

**निर्णय नं. ७**

पाल्पा जिल्ला दररेट निर्धारण समितिको स्वीकृत दररेटलाई नै आधार मानी ता.न.पा.को नगर दररेट निर्धारण समितिले तयार गरी पेश गरेको नगर दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

तानसेन नगरपालिका अन्तर्गत राजमार्ग, सहायक राजमार्ग बाहेक मुख्य तपसिलका सडकहरुको अधिकार क्षेत्र तोक्ने निर्णय गरियो ।

**देहायः**

१) वासटारी–दमकडा–अम्ल्यान –केन्द्र बिन्दु देखि दाया बाया १५ /१५ मि

२) बेथल स्कुल जाने चोक –पोल्धारा –आपटारी –ओमपार्क –६/६

३) गैरागाउँ–धुर्बघाट सडक –७/७

४) कैलाशनगर –आखा हस्पिटल– गैरागाउँ–कबडहल–लायन्स धर्म शाला –५/५

५) टुडिखेल–सेन मा.वि –जैसी चौपारी–कारागार–निर्वाचन कार्यालय–बागवानी कार्यालय –४/४

६) बर्तुङ (देवकोटा चोक) –तानसेन बहुमुखी क्याम्पस –बालज्योति प्रा.वि –काजिपौवा –६/६

७) काजिपौवा–कुसुनडाडा–पर्वास सडक –७/७

**निर्णय नं. ९**

यस आ.व २०७८ /०७९ देखि सेवा ग्राहिहरुलाई वडा कार्यालयवाट नै प्राबिधिक सेवा उपलब्ध गराउने उदेश्यले प्रत्यक २ (दुई) वडा १ (एक) प्राबिधिक अनुसार तपसिल वडाहरुमा प्राविधिक खटाउने निर्णय गरियो ।

| तपसिल | प्राविधिक संख्या |
|---|---|
| वडा नं १ र २ – | १ |
| वडा नं ३ र ५ | १ |
| वडा नं ४ र ६ | १ |
| वडा नं ७ र १० | १ |
| वडा नं ८ र ९ | १ |
| वडा नं १२ र १३ | १ |
| वडा नं ११ र १४ | १ |

उल्लेखित प्राविधिकहरुको जनशक्ति व्यवस्थापन गर्न नपुग भएका प्राविधिकहरुको हकमा आवस्यकता अनुसार वढीमा ६ जनासम्म सहायक स्तर पाचौ तह (प्राविधिक)को पद निश्चित समयका लागि करारमा लिन प्रकृया अगाडी वढाउने ।

**निर्णय नं. १०**

सडक बोर्ड नेपाल अन्तर्गत आ.व ०७७/७८ मा संचालित कैलाशनगर –श्रीनगर सडक –बतासेडाडा –कैलाशनगर –आखा अस्पताल –लायन्स धर्मशाला र गैरागाउँ–धुर्बघाट सडक को शर्मा निर्माण सेवा बाट कार्य गर्दै आएकोमा जेष्ठ मसान्त सम्म कार्य सम्पन्न गर्नुपर्ने मा covid 19 को दोश्रो लहरको कारणले सम्पन्न गर्न नसकेको ले २०७८ साल कार्तिक मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं. ११**

तानसेन नगरपालिकाको कार्य सञ्चालनमा प्रभावकारीता ल्याउनको लागि तानसेन नगरपालिकाको विधायन समितिबाट पेश गरिएको निम्नानुसारका कार्यविधि पारित गर्ने निर्णय गरियो ।

निम्न :

१. तानसेन नगरपालिकाको छोरी शिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७८

२. तानसेन नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि, २०७४ मा निम्नानुसार संसोधन गर्ने निर्णय गरियो :

| हाल भएको | संसोधन गरिएको |
|---|---|
| उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्र साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ । | उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्र वा घटीमा ५ वर्षको लागि उपकरण प्रयोग गर्ने सम्झौतापत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ । |

**निर्णय नं. १२**

तानसेन नगरपालिकाको नवौं नगरसभाबाट तानसेन खानेपानीको सु-सञ्चालनको सम्वन्धमा सरोकारवालाहरुसँग छलफल अन्तर्क्रिया गरी प्राप्त राय सुझावको आधारमा प्रतिवेदन तयार गरी नगरसभामा पेश गर्न सभाबाट समिति गठन गरी जिम्मेवारी प्रदान गरिएकोमा सो समितिबाट तयार गरिएको प्रतिवेदन नगर प्रमुख मार्फत कार्यपालिकामा पेश गरिएकोमा समितिलाई धन्यवाद ज्ञापन गर्दै आजको मिति देखि समिति विघटन गर्ने र तानसेन खानेपानीको सु-सञ्चालनको लागि तानसेन खानेपानी उपभोक्ता समितिसँग नागरिक परामर्श समितिको मिति २०७८।४।५ गतेको वैठकवाट भएको निर्णयका आधारमा आवश्यक कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १३**

तानसेन नगरपालिका वडा नं. ७ मा साप्ताहिक हाटवजार संचालनका लागि सेडहरु तयार भएकोले उक्त हाटवजार महिनाको प्रत्यक सनिवार संचालन गर्न अर्को व्यवस्था नभएसम्मका लागि हाल गठित समितिलाई जिम्मा दिने र सो को संचालनको लागि कार्यविधि तयार गरी लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

तानसेन नगरपालिकामा संचालन भएको युवा स्वरोजगार अन्तर्गत नेपाल वैंक लिमिटेड पाल्पासंगको सम्झौता भए वमोजिम ऋण लगानी भए मध्यका केही ऋणीहरुवाट नियमित किस्ता भुक्तानी गर्न ढिलाई गरेकोले निज उद्यमीसंग पहिलो पटक नपा द्वारा अनुगमन गरी वडा कार्यालय मार्फत अशुलीका लागि आवस्यक पहल गर्ने सो गर्दा पनि अटेरी गरेमा न.पा. द्वारा प्रदान गरीने सेवा सुविधा रोक्का गरी नियमानुसार अशुलीका प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

| फर्मको नाम | उद्यमीको नाम | रकम |
|---|---|---|
| १ दाहाल कृषि फर्म | प्रताप दाहाल | १७४१६।०१ |

नगर प्रमुख

Scanned with CamScanner

| | | |
|---|---|---|
| २ सिटि मिट सप | दुनमाया वस्याल | २०३७५।३७ |
| ३ दिपेन्द्र कृषि तथा पशुपंक्षी | सम्झना गैरे | १९१५९१६८ |
| ४ कमला कृषि तथा पशु फर्म | कमला कामी | २९३२२१४१ |
| ५ ममता टेलर्स एण्ड सुटिङ्ग सेन्दर | मनोहर घले दर्जी | १२२२७०१४८ |
| ६ शुभलक्ष्मी ईन्टरप्राईज | अमृत दर्जी | १९३९३।५३ |
| ७ अनिस वाखा पालन फर्म | पुतली देवी वि.क. | २७४८।६६ |

**निर्णय नं. १५**

तानसेन नगरपालिकाभित्र संचालित केही विद्यालयहरुले शैक्षिक सत्र २०७८ देखि कक्षा तथा विषय थप गर्न अनुमति माग गरेको सन्दर्भमा वर्तमान अवस्थामा विद्यालयको माग अनुसार कक्षा तथा विषय थप गर्न औचित्यपूर्ण रहे नरहेको तथा अनुमति/कक्षा थप माग गर्ने विद्यालयहरुले शिक्षा नियमावलीको नियम ४ सँग सम्वन्धित अनुसूचि-३ बमोजीमको पूर्वाधारहरु पूरा गरे नगरेको एकीन गरी एक हप्ताभित्र रायसहितको प्रतिवेदन पेश गर्न गठित अनुगमन समितिले पेश गरेको प्रतिवेदन उपर छलफल गरियो तपसीलमा उल्लेखित विद्यालयहरुलाई शै.स.२०७८ देखि निम्नानुसारको कक्षा थप गर्न अनुमति दिने निर्णय गरियो ।

तपसील :

| क. सं | विद्यालयको नाम | थप गर्न अनुमति दिइएको कक्षा |
|---|---|---|
| १ | श्री पोलस्टार ईन्टिच्युट इङ्गलिस वोर्डिङ्ग स्कूल तानसेन-७, पाल्पा । | कक्षा ११ (व्यवस्थापन र शिक्षा समूहका विषयहरु) |

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

२०७३